# ज्योतिका गीतहरु



ज्योति पौडेल

# ज्योतिका गीतहरू

*गीतकार*
ज्योति पौडेल

२०६४

| | | |
|---|---|---|
| **कृति** | : | ज्योतिका गीतहरू |
| **गीतकार** | : | ज्योति पौडेल |
| **प्रकाशक** | : | ज्योति पौडेल |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **आवरणसज्जा** | : | टेकवीर मुखिया |
| **प्रकाशन वर्ष** | : | २०६४ |
| **प्रति** | : | १००० प्रति |
| **कम्प्युटर टङ्कण** | : | गणेशप्रसाद घिमिरे |
| **मुद्रक** | : | एपोलो अफसेट प्रेस प्रा. लि.<br>चाबहिल, फोन : ४४७१५८४ |
| **मूल्य** | : | रु. १००।– |

---

**ISBN : 978-99946-2-827-8**

**"Jyotika Geetharu"**
Collections of Lyrics by **Jyoti Poudel**
July 2007

**Publisher :**
Jyoti Poudel
**E-mail:** jyotipoudel@gmail.com
New York, USA

# आशीर्वाद

म छोरा छोरीलाई खेलाउँदै बालकविता लेख्थें । उनीहरू हुर्किएपछि आफ्ना रचना सुनाउन लागें । आज कान्छी छोरी ज्योतिले ***ज्योतिका गीतहरू*** सुनाउन ल्याँदा हर्षको सीमा रहेन । छोराछोरीले राम्रो काम गरे कि स्याबास ! भन्ने त मेरो बानी हो । तर प्रशंसा गरूँ पक्षपातै होला, नगरूँ प्रतिभाप्रति उपेक्षा होला । तैपनि यति त भनूँ– ज्योतिका गीतमा नेपाली लोकगीतको जस्तो सरल शैली र मार्मिक भाव पाइन्छ । स्वदेश र स्वजनलाई सम्झेर गाएका गीतमा उनको आँसु भिजेको छ, हाँसो पनि आँसुले मुछिएको छ र निर्मल ज्योतिमा सजल नीर चढेजस्तो छ । दुर्भाग्यवश, द्वन्द्वमा फसेको देशको पीडालाई परदेशमा रहेर पनि उनले गम्भीर तवरले प्रत्यक्ष गरे जस्तो लाग्छ । गीतकारले व्यक्तिगत जीवनलाई स्पर्श मात्र गर्छ र समष्टिगत जीवनका गीतहरू लेख्छ । ज्योतिले पनि यहाँ त्यसै गरेकी छन् । यहाँ निश्छल प्रेमिका, ममतामयी गृहिणी र अनन्य भक्तिनीका रमाइला, रसिला र गम्भीर झलक पाइन्छन् । प्रारम्भिक प्रेम र परिशेषका प्रेमका गीतमा रहस्यवादको झलक पाइन्छ । आखिरमा, उनका गीतसङ्ग्रहको एक गीतको उद्धरण गर्दै आमा महाकाली र म बुबाको तर्फबाट छोरी ज्योतिप्रति निरन्तर उन्नति र सर्वदा कुशल मङ्गलको आशीर्वाद प्रदान गर्छु–

***कैल्ये पाउँला आमा बाको आशीर्वाद लिन***
***भाइ – बहिनीहरूलाई आशीर्वाद दिन***

२०६४।४।१७ राष्ट्रकवि माधव घिमिरे

# ज्योतिभित्रका ज्योतिहरू

प्रारम्भदेखि नै रोग, भोक, अशिक्षा तथा प्राकृतिक प्रकोपलाई मान्छेको सबैभन्दा ठूलो शत्रु मान्छे नै हुन थालेको छ । भौगोलिक, धार्मिक, साँस्कृतिक, भाषिक, वर्गीय तथा वैचारिक सीमारेखाले मान्छेलाई नराम्ररी छुट्याएको छ र आफ्नो स्वार्थपूर्तिका लागि यिनीहरू धेरै हदसम्म हिंस्रक पनि बनेका छन् । विश्वमा कतै राज्यविस्तारका लागि द्वन्द्व भइरहेको छ त कतै आफ्नो वैचारिक विस्तारका लागि । दुई भिन्नभिन्न धर्म-संस्कृति भएका राज्य मात्र होइन एउटै राष्ट्रियतामा बाँधिएका राष्ट्रका नागरिकहरू पनि राष्ट्रिय स्वार्थको ख्यालै नगरी देश टुक्र्याउँला भैं गरी आ-आफ्ना स्वार्थका लागि युद्ध गरिरहेका छन् र एउटाले अर्कोलाई मारेर आफू विजयी भएको शङ्खघोष गरिरहेका छन् । नेपाल पनि अहिले यस रोगबाट मुक्त छैन । यस्तो अवस्थामा कतिपय साहित्यकारहरू भने दाजुले भाइलाई वा भाइले दाजुलाई त के कसैले कसैलाई मार्नुहुँदैन भन्नेजस्तो सन्देश आफ्ना रचनामार्फत दिइरहेका देखिन्छन् र यस्तै मानवतावादी सन्देश विश्वमै पनि छर्न चाहने एक जना गीतकारको नाम हो– **ज्योति पौडेल** र उहाँको प्रस्तुत सङ्ग्रहमा भएका कतिपय गीतहरू नै यसका बलिया प्रमाण हुन् ।

विदेशमा बसेर पनि स्वदेशको मायामा पग्लने ज्योति पौडेलको प्रस्तुत **ज्योतिका गीतहरू** सङ्ग्रहमा विविध विषयवस्तु समेटिएका ७७ वटा गीतहरू छन् र यी गीतहरूमध्ये देशभक्ति, प्रकृतिप्रेम आदि भाव समेटिएका गीतहरूलाई ***स्वदेश र प्रकृति*** खण्डमा तथा प्रेम तथा अन्य भाव भएका गीतहरूलाई चाहिँ ***प्रेम र रहस्य*** खण्डमा राखिएको पाइन्छ ।

विदेश अर्थात् अमेरिकामा बसेर पनि ज्योति पौडेलले नेपालको प्रकृति, भाषा-संस्कृति, चाडपर्व आदिलाई सम्झना गरेर

गीत रचना गरेको देख्ता हाम्रो मन त्यसैत्यसै फुरुङ्ग हुन्छ र लाग्छ राष्ट्रको माया विदेशमा बस्दा धेरै लाग्ने त होइन ? जे होस् यस सङ्ग्रहका गीत पढ्दै जाँदा हामी पाठकहरू पनि ज्योति पौडेलसँगै हिमालको टाकुरामा परेको पहिलो किरणसँगै आफूलाई एकाकार गर्न पुग्छौं, बयेली खेलिरहेको फाँटमा उहाँसँगै दगुर्न पुग्छौं, यहाँ भइरहेको हत्याहिंसाका विरुद्ध आवाज उठाउन थाल्छौं र विदेशलाई रमिता र स्वदेशलाई रमाइलो स्थान मान्नुपर्ने निष्कर्षमा पुग्छौं, अनि उहाँसँगै पिरतीका अनेक प्रकारका पुष्पहरू भिरमा सजाउँदै रहस्यको दुनियामा डुल्न पो पुग्छौं ।

उपमा, रूपक, उत्प्रेक्षा, अर्थान्तरन्यास, सन्देहजस्ता अलङ्कार अनि मानवीकरणद्वारा उहाँका कतिपय गीतहरू सजिएका छन् भने सबैजसो गीतहरू विविध आक्षरिक लयको सूत्रमा उनिएका छन् । यी गीतहरू पढ्दै जाँदा हामीलाई घुम्ती पिच्छे देशविदेशका नयाँ दृश्य अवलोकन गरेको अनुभव हुन्छ । सरल भाषाका माध्यमद्वारा स्वस्फूर्त ढङ्गले गीतका विविध बान्की प्रस्तुत गर्न रुचाउने गीतकार ज्योति पौडेललाई प्रस्तुत सङ्ग्रहको प्रकाशनका लागि म बधाइ दिन्छु र अझ स्तरीय गीतियात्राका लागि हार्दिक शुभ-कामना पनि प्रकट गर्दछु ।

२०६४।४।१६ **डा. कृष्णहरि बराल**

नक्षत्रमार्ग, कुमारी क्लब
बल्खु, का. म.पा.–१४ ।

## मेरो भन्नु

लेखन मेरो परम्परागत संस्कार हो । हामी कवितामै जन्मियौं र कवितामै हुर्कियौं पनि । बुबा (राष्ट्रकवि माधव घिमिरे) लेख्दै हुनुहुन्छ, हल्ला गर्नु हुँदैन भनि बोल्दा पनि स्याउसिउ गरी बोल्दथ्यौं । कहिलेकाहीँ खेल पनि हामी कविताकै खेल्दथ्यौं । घरमा वेला वेलामा भइरहने विद्वद्वर्गहरूको जमघट र कविताको पठन पाठनबाट विस्तारै साहित्यमा रस बस्दै गयो । सानै उमेरदेखि कविता र कथा कोर्ने बानी पनि बस्यो । त्यसताकाका रचनाहरू बुबालाई देखाउने साहस गरिन, केही च्यातिए, केही हराए र केही थन्किएर रहे ।

शैशवावस्थादेखि नै साहित्यमा रुचि भएर मैले अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरें । तिनताका लेखिएका मेरा कविताहरू नर र नारीको प्रेम र प्रकृतिमा केन्द्रित थिए । जोन किट्स, डब्लु वि. एट्सका रचनाबाट निकै प्रभावित भएकी थिएँ । क्याम्पसका पत्रपत्रिकामा कविताहरू फाट्ट फुट्ट प्रकाशित हुन्थे ।

परदेशको वास भएको झण्डै सत्र-अठार वर्ष भयो । शरीर विदेशिए पनि मन त स्वदेशमै पुगिरहेको हुन्छ । यस्सो आँखा चिम्लिएर ध्यानमग्न भएपछि एउटा सुर चढ्छ, लय बस्छ र भाव प्रस्फुटित हुन्छ, त्यो स्वदेशकै संझनामा हुन्छ । आफ्ना मनका भावहरू सुख दुःख, हिमाल हाँसेको, गुराँस फुलेको, जून लाएको, नदी सुसाएको, लेक र ब्याँसी सबै कविताभरी छाउँछन् ।

जे कामको लागि पनि समय आउनुपर्दो रहेछ । न्यूर्योकमा भएको साहित्यप्रतिको चेतनाले मलाई फेरि जगायो । मैले आफूसँग भएका पुराना गीत कविताहरूलाई परिमार्जन गरेर र हालसालै रचिएका गीतहरूको संकलन गरेर एक पुस्तकको रूप दिएकी छु । यस पुस्तकमा संकलित मेरा रचनाहरूमा समसामयिक विषयवस्तु, जनजीवनका सुख दुःखका शैलीहरू, आफ्नै पाखा पखेरा, गाउँ घर,

राष्ट्र र हाल आफू रहेका ठाउँ अमेरिकास्थित न्यूर्योक सहरलाई समेट्न खोजेकी छु ।

कहिलेकाहीँ केही अनुभव गरिराखिएको हुन्छ, चोट खाइराखिएको हुन्छ, हर्ष लागिरहेको हुन्छ तर व्यक्त गर्न सकिराखिएको हुँदैन, त्यतिवेला आफूलाई चित्रकार भए हुन्थ्यो जस्तो लाग्छ । यस्तै आफूले अनुभव गरेका, भोगेका र देखेका भावलाई शैलीमा ढालेर गीतको रचना गर्दै पुस्तकको रूपमा ल्याउन प्रेरणा मैले आफ्नै परिवार-बुवा, आमा, श्रीमान् तथा छोरा र छोरीहरूबाट नै पाएँ ।

नेपाली गीतिसाहित्यका विशिष्ट इतिहासविद् एवं प्रसिद्ध गीतकार डा. कृष्णहरि बरालले मेरो गीतसङ्ग्रह पढेर मन्तव्यमा शीर्षक वाक्य लेख्नुभएको छ– ***ज्योतिभित्रका ज्योतिहरू*** । मन्त्रतुल्य यो वाक्य मेरो साहित्ययात्राको निम्ति शुभाशीष् बन्नेछ । प्रसिद्ध चित्रकार टेकवीर मुखियाले सुन्दर आवरणसज्जाद्वारा मेरो गीतिसङ्ग्रहको मुहारै उज्यालो पार्नुभएको छ । उहाँहरूप्रति आभार प्रकट गर्दछु । काका गणेशप्रसाद घिमिरेले कम्प्युटर टङ्कण गर्नुभएको छ । उहाँलाई धन्यवाद प्रदान गर्दछु ।

२०६४।४।२१ **ज्योति पौडेल**
(२००७।८।६) न्यूयोर्क

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| १. | **स्वदेश र प्रकृति** | १ |
| १. | मेरो देश | २ |
| २. | नेपाल प्यारो देश | ३ |
| ३. | स्वर्गको टुक्रा | ४ |
| ४. | नेपालको लागि | ५ |
| ५. | मदानी | ६ |
| ६. | लाली गुराँस | ७ |
| ७. | बाढी | ८ |
| ८. | मनको देउता मनैमा रुवाई | ९ |
| ९. | नेपाली हैन भैँ | १० |
| १०. | सफल भा'को दिन | ११ |
| ११. | यो जन्मथलो छोडेर जाऊँ त | १२ |
| १२. | अगाडि बढ्नेछु | १३ |
| १३. | शान्तिको लागि जाँदा | १४ |
| १४. | चिने भैँ लाग्छ | १५ |
| १५. | चरीको खुशी | १६ |
| १६. | पूर्वी नदी | १७ |
| १७. | न्याउली | १८ |
| १८. | मनको तरेलीमा | १९ |
| १९. | माल्सिरीको धुन | २० |
| २०. | गामै रमाइलो | २१ |
| २१. | दिव्य रचना | २२ |
| २२. | देशमाथि | २३ |
| २३. | धर्तीको महिमा | २४ |
| २४. | सुन्दर सृष्टि-सुन्दर दृष्टि | २५ |

| | | |
|---|---|---|
| २. | **प्रेम र रहस्य** | २७ |
| २५. | चौराली | २८ |
| २६. | मायाको दोबाटो | २९ |
| २७. | दिव्य मुहार | ३० |
| २८. | प्रशंसा | ३१ |
| २९. | के बनेर पसूँ | ३२ |
| ३०. | उनीलाई देखेदेखि | ३३ |
| ३१. | हिजै भेटे जस्तो | ३४ |
| ३२. | माया त्यसै बस्यो | ३५ |
| ३३. | जे पर्ला पर्ला ! | ३६ |
| ३४. | माला | ३७ |
| ३५. | कोसेली | ३८ |
| ३६. | दर्पनको सामु | ३९ |
| ३७. | हेर्न अझै बाँकी | ४० |
| ३८. | गोरेटो | ४१ |
| ३९. | जिन्दगी यो रमाइलो कथा | ४२ |
| ४०. | तिमीलाई भनेर | ४३ |
| ४१. | संझी संझी बसिरै'छु | ४४ |
| ४२. | आँसु बहिरहे | ४५ |
| ४३. | कहाँ बसी कुरूँ म | ४६ |
| ४४. | कति राम्रो वनफूल | ४७ |
| ४५. | गीतको भाका | ४८ |
| ४६. | रूप पोखिएर होला | ४९ |
| ४७. | रिसाउँदा'नि ए हजुर ! | ५० |
| ४८. | एक गजल | ५१ |
| ४९. | प्रसन्न छौ | ५२ |
| ५०. | तीज | ५३ |
| ५१. | गाइदेऊ गोठालिनी ! | ५४ |
| ५२. | यी आँखाले के भन्दै छन् | ५५ |
| ५३. | आँखा जवानीका | ५६ |

| | | |
|---|---|---|
| ५४. | कोही आउँदै छ | ५७ |
| ५५. | साना मेरा लालाबाला | ५८ |
| ५६. | भाइको संझना | ५९ |
| ५७. | चोखो प्रीति | ६० |
| ५८. | ब्यूँझी हेर्दा | ६१ |
| ५९. | परिवर्तन | ६२ |
| ६०. | तिम्रो मेरो नाम | ६३ |
| ६१. | तेवार्नी | ६४ |
| ६२. | साँझको बत्ती देख्तिन | ६५ |
| ६३. | छोडी गए धर्तीलाई | ६६ |
| ६४. | दिदीको दुःख | ६७ |
| ६५. | म देख्न सक्तिन | ६८ |
| ६६. | माया सिद्धिन्न | ६९ |
| ६७. | अजम्मरी फूल | ७० |
| ६८. | देखे झैँ लागिरहेछ | ७१ |
| ६९. | शास्वत प्रेम | ७२ |
| ७०. | मन | ७३ |
| ७१. | उज्ज्वल भविष्य | ७४ |
| ७२. | माझी | ७५ |
| ७३. | अरूपको छाया | ७६ |
| ७४. | अमृत पिएजस्तो | ७७ |
| ७५. | ईश्वर | ७८ |
| ७६. | तिर्खाएको यात्री | ७९ |
| ७७. | मेरो हृदयमा | ८० |

# स्वदेश र प्रकृति

## मेरो देश

शिखरमाथि मिर्मिरे बिहान बिंभिने मेरो देश
बिंभनासाथ परदेशबाट सम्भिने मेरो देश

जुनेली राति गाउँ र ब्याँसी डुबाउने मेरो देश
सन्चै छौ भनी रातमा पनि चिनाउने मेरो देश

आठै र प्रहर खोला र नाला सुसाउने मेरो देश
दोहोरी गीतमा पीरति चोखो लगाउने देश यो

हिमालबाट माल्चरी मधेश ओर्लने मेरो देश
बचरा हुर्काई हिमालैतिर फर्कने मेरो देश

## नेपाल प्यारो देश

नेपाल मेरो जन्मभूमि, नेपाल मेरो देश
मलाई सधैँ माया गर्ने नेपाल प्यारो देश !

पैलो सूर्य उदाउँदा देखा पर्ने देश
हिमालमाथि किरणको रेखा पर्ने देश

आठै प्रहर नदीनाला गुन्जिर'ने देश
डाँफे मुनाल इन्द्रेनीले रङ्गिर'ने देश

बतासमा कस्तुरीको बास्ना चल्ने देश
जहाँ जाऊँ असल भनी चर्चा चल्ने देश

## स्वर्गको टुक्रा

जुन वेला हेरूँ जाँ'बाट हेरूँ सुन्दर हिमाल
स्वर्गको एक टुकुरा जस्तो यै मेरो नेपाल

सुन्दरी सधैं युवति सधैं अप्सरा कस्ता छन्
कल्पना गर्छु यै नेपालकी धरती जस्ता छन्
हिमालमनि छहरा बनी भुल्भुलाइरहने
पर्वत पाखा मैदानभरि फूल फुलाइरहने

सुनौला किरण मिर्मिराउने हिमाली टाकुरा
क्यै गरूँ भनी फर्फराउने नेपाली पाखुरा
सुन्दर देशमा बसेर सधैं सुन्दर सोचिद्यौ
शिव र शक्ति दुइटाको मूर्ति एउटै रचिद्यौ

# नेपालको लागि

नेपाली भई नेपालको लागि के गऱ्यौं हामीले
के गर्न अझै सकेका छैनौं त्यै गरौं हामीले

भाइ र भाइ लडाइँ गरी मार्दछौं मर्दछौं
विश्वमा कहीँ नहार्ने जाति देशमा हार्दछौं
यो दशधारा दूधको भारा के गरी तिर्दछौं
आमाको छाती करौंती तानी चर्चरी चिर्दछौं

चढ्दा र चढ्दै हिउँचुलीमाथि झन् तल झर्दछौं
गरेर खाने बेलामा आज मार्दछौं मर्दछौं
जे हुनु भयो, अति नै भयो अब त चेतिद्यूँ
सहस्र धारा पसिना बगाई रगत मेटिद्यूँ

## मदानी

घार्र घुर्र मदानी
तँ दानी कि म दानी

ठूलो ठेकी घार्रघुर्र मैले नेती तानी
मदानी ! तँ शेखी गरी भन्छस् म हूँ दानी

मदानीका पाटा पुछी नौनी आफै खानि
तिमी उल्टै शेखी गरी भन्छौ म हूँ दानी

मोही दिँदा अलिकति नौनी मिसी देऊ
साँच्चै दानी बन्ने भए यति अर्ती लेऊ

# लाली गुराँस

म राष्ट्रको पहिचान हूँ–फूल लाली गुराँस
संसारभरि फैलाउँछु सौन्दर्य र सुवास

भिरैभरि फुलिदिन्छु वनैभरि पनि
हेर्दै हिँड्दा नभ्याइने दिनैभरि पनि

रङ्ग मेरो रातो रातो जीवनको चिह्न
तातो रगत नेपालीको सेलाउन हुन्न

फुलेदेखि झर्दासम्म रातो पिरो उस्तै
लाली जोवन जोगाउनू मैं गुराँसको जस्तै

# बाढी

सात दिने झरी परी चारैरतिर बाढी
मेरो माया कहाँ गयो-मलाइ एक्लै छाडी

धर्ती गयो पातलतिर, आकाश रोयो माथि
कता परे इष्टमित्र, कता परे साथी

बालबच्चा कराए झैँ सुन्छु कहाँ कहाँ
रुँदै रुँदै दौडिरै'छु खोज्दै जहाँ तहाँ

लाशमाथि रुँदा रुँदा सुकिसक्यो आँसू
उजाड उजाड जता ततै मैं कसरी बाँचूँ

# मनको देउता मनैमा रुवाई

बुद्धको देश शान्तिको क्षेत्र धर्तीको स्वर्ग यो
नेपाल आज अशान्ति हिंसा फैलेर नर्क यो

हाडको नाता, रगतको नाता मीतको नाता यो
भत्कियो सारा चर्चरी चिरी धरती माता को

कसरी तर्छौं रगतको पारि रगतै बगाई
कसरी गर्छौं मान्छेलाइ मारी मान्छेको भलाइ

रचना भत्काई कहिले गर्छौं शून्यमा सिर्जना
मनको देउता मनैमा रुवाई के गर्छौं अर्चना

## के पऱ्यो सराप !

ए आजभोलि नेपाललाइ के पऱ्यो सराप
म जहाँ टेकूँ भुइँचालो जाने त्यहीँ नै धराप

नेपाल हाम्रो शान्तिका थलो कलाको भँडार
म जहाँ टेकूँ त्यहीँ नै फुल्थे कुसुम हजार

हेर्दा र हेर्दै खँडहर बने हिजोका सिर्जना
देख्ता र देख्तै दुःस्वप्न बने भोलिका सपना

विनाशसिवा विकाश गर्ने बाटो नै छैन भैँ
के सोचिरै'छौ–सुनाभा फुल्ने देश नै हैन भैँ

## सफल भा'को दिन

सुन सुन आज बल्ल सफल भा'को दिन
यति दिनको दुःखपछि सुख पा'को दिन

प्रफुल्ल छु भनेजस्तो सफलता पाएँ
यसकै निम्ति कैल्ये यता, कैल्ये उता धाएँ
निराशमा कति रात, बिते कति दिन
मनभित्र भिनो आशा हुन्थ्यो केही छिन

आकाश पनि खुशी भई फैलिरहे जस्तो
सूर्य पनि मेरै चालमा चलिरहे जस्तो
लागे अब आफैउपर विश्वासका दिन
आत्मसंतोषको निम्ति काम गर्ने दिन

## यो जन्मथलो छोडेर जाऊँ त

सिन्कौली जरा भिजाई बग्ने पानीको पँधेरो
यो जन्मथलो छोडेर जाऊँ त- संसारै अँधेरो

यै रमाइलो फूलबारीभित्र फूल झैँ फुलेँ म
वासना मीठो मायाको बाँडी गाउँघर डुलेँ म
यै माटामनि आमाले नाभि गाडेको छ मेरो
यो जन्मथलो छोडेर जाऊँ त-संसारै अँधेरो

यो गैरी खेतमा बयेली खेल्दा त्यैसित दौडिएँ
यो सानु खोली उर्लेर आउँदा त्यैसित पौडिएँ
यसैको छाया, यसैको माया छातीमा छ मेरो
यो जन्मथलो छोडेर जाऊँ त-संसारै अँधेरो

## अगाडि बढ्नेछु

साइतमा मलाई आसिक देऊ
अगाडि बढ्नेछु
अटल विश्वास नरोकिदेऊ
म सधैँ बढ्नेछु

हौसला मेरो बढाइदेऊ
अगाडि बढ्नेछु
पाइला मेरा नरोकिदेऊ
मिहिनेत गर्नेछु

नदीझैँ मलाई बहन देऊ
अगाडि बढ्नेछु
उद्देश्य मेरो नरोकिदेऊ
उन्नति गर्नेछु

हिमालसित मीत लाउन देऊ
अगाडि बढ्नेछु
उचाइ मेरो नरोकिदेऊ
म अझै चढ्नेछु

## शान्तिको लागि जाँदा

आँचलले छोपी दुनामा दही सगुन खुवाइद्यौ
म जान्छु आमा ! शान्तिको निम्ति खुशीले बिदाइ द्यौ

सन्तानलाई गर्भमा राखी जन्माउने जननी !
उनी त भन्छिन्–मान्छेले मान्छे नमारून् क्वै पनि

हजार हातमा दुइ हात मेरा थप्नेछु यसरी
लडाइँ रोकी शान्तिको हुन्छ बहाली जसरी

वीरतासाथ अशान्ति सारा मेटेर आउनेछु
यो शान्तिक्षेत्र नेपालको नाम राखेर आउनेछु ।

## चिने झैँ लाग्छ

चिनेको छैन पहिले
चिने झैँ लाग्छ अहिले
भेटे'नि आज विदेशमा
पुगे झैँ लाग्छ स्वदेशमा

ए तिमी पनि नेपाली
म पनि त्यही नेपाली
चल्दछ श्वास श्वासमा
कस्तुरी जस्तो वासना

रमिता मात्रै विदेश
रमाइलो चाहिँ स्वदेश
सगरमाथा टाकुरा
विश्वमा सुन्दर यै कुरा

## चरीको खुशी

आज चरी गाइरै'छन् कति मीठोसित
उत्सवमा गाएजस्तै मङ्गलको गीत

रातभरि पानी परी तर्सिएका चरी
पानी बिदो हुनासाथै कति फुरफुरी
प्रभातको लाली फैल्यो उत्सव झैँ थाली
रमाएर डुलिरै'छन् चरी डाली डाली

एक हूल पहाडको छेउ छेउ उँडे
अर्को हूल अकाशमा मडारिँदै उँडे
चरी किन यति खुशी पर्व आएजस्तो
हामीले पनि यस्तै खुशी मान्नपर्छ जस्तो

# पूर्वी नदी

अविरल अविच्छिन्न बगिर'ने पानी
*इस्ट रीभर हेरी बस्ने बस्यो मेरो बानी

कैल्ये पानी उत्तर बग्छ, कहिले पानी दक्षिण
यो हावाले जता लग्यो त्यतै बग्छ छिन छिन
कैल्ये फेरि चुपचाप बसिरहे जस्तो
कोही आउला भनीकन कुरिरहे जस्तो

दिनमा सूर्य ओर्लिएर तिर्खा मेट्न आउने
रातमा फेरि चादनीले चोखो माया लाउने
बत्तीहरू बिम्ब बनी बगिरहे जस्तो
चमत्कारको संसारमा लगिरहे जस्तो

* न्यूयोर्क सहरको पूर्वमा अवस्थित नदी

## न्याउली

कता कता न्याँउली चरी कराएभैँ सुन्छु
जाँ'बसे'नि स्वदेशकै सम्भनामा हुन्छु

मैंलाई हेर्न उभिए भैँ माछापुछ्रे चुली
घामको भुल्का पग्लिएर सुनै भुलभुली
कता कता कुर्ले ढुकुर कराएभैँ सुन्छु
जाँ'रहे'नि स्वदेशकै कल्पनामा हुन्छु

अग्ला भीर छिचोलेर निस्किएकी सेती
बगरमा बगाउँछिन् कति हीरा मोती
कता कता कोइलीले बोलाएभैँ सुन्छु
जाँ'रहे'नि स्वदेशकै सिर्जनामा हुन्छु

मन्दिरमा साँभ बिहान भजन र कीर्तन
आफ्ना इष्ट द्यौताप्रति भक्तिभाव अर्पन
कता कता शङ्ख घण्ट बजाएभैँ सुन्छु
जाँ'रहे'नि नेपालकै प्रार्थनामा हुन्छु ।

## मनको तरेलीमा

गाउँबेंसी घुमिरै'छ मनको तरेलीमा
आँसु लुकाई हिँडिरै'छु चीसा परेलीमा

सङ्लो पानी, चिसो हावा हिमालको काखमा
बालापन खेल्दै बित्यो घामछायाको साथमा
बनपाखा घुमिरै'छन् मनको तरेलीमा
आँसु लुकाई हिँडिरै'छु चीसा परेलीमा

तीज, दशैं, भाइटीका रमाइलो गाउँमा
जन्म पाएँ मैले कस्तो स्वर्गजस्तो ठाउँमा
बालकालका संगीसाथी मनको तरेलीमा
आँसु लुकाई हिँडिरै'छु चीसा परेलीमा

ध्यानमग्न भई बस्ता देख्छु देशको चित्र
पोखिएझैँ जूनको ज्योति टल्पल पानीभित्र
मलाई माया गर्ने आमा मनको तरेलीमा
आँसु लुकाई हिँडिरै'छु चीसा परेलीमा

## माल्सिरीको धुन

दशैँ लागेजस्तै लागे असौजका दिन
बतासमा कता-कता माल्सिरीको धुन

बतासले उडाइल्यायो सात समुद्रवारि
मेरो देश कहाँ कहाँ, सात समुद्रपारि
चाडबाड लाग्यो कि त, त्यतै उड्छ मन
बतासमा कता-कता माल्सिरीको धुन

कैल्ये पाउँला आमा बाको आशिर्वाद लिन
भाइ बहिनीहरूलाई आशिर्वाद दिन
बडा दशैँ आफ्ना सबै भेट हुने दिन
बतासमा कता-कता माल्सिरीको धुन

मातृभूमि ! तिमीसित सपनीमा हुन्छु
बिपनीमा बिंभियो कि, धुरुधुरु रुन्छु
कैल्यै देख्न पाउँला नि ! फेरि फर्कीकन
बतासमा कता-कता माल्सिरीको धुन

# गामै रमाइलो

गामै रमाइलो हजुर ! गामै रमाइलो
सँगसँगै बस्दा झनै रमाइलो

पाखाको बारीमा तोरी फुलेको
खेतमा धानका बाला झुलेको
फनक्कै घुमेको नदी रमाइलो
सँगसँगै हेर्दा झनै रमाइलो ।

गोरेटो डोरेटो बाटो कुराई
गीतमा तिमीले मलाई बोलाई
गुराँस फुलेको बनै रमाइलो
सँगसँगै डुल्दा झनै रमाइलो

यहीँ हो पीरति पैल्ये बसेको
जुगल हिमाल साक्षी बसेको
सम्झेर ल्याउँदा झनै रमाइलो
सँगसँगै जिउँदा झनै रमाइलो

## दिव्य रचना

यसै त राम्रा हिमाल चुली लहर परेका
त्यसमा पनि सुनौला झुल्का सरर सरेका
त्यै झुल्काजस्तै हातले लेखूँ सुन्दर सिर्जना !

यसै त राम्रो वैशाख मास शीतल बतास
त्यसैमा पनि फूलको मीठो मगमग सुबास
त्यै बास्ना जस्तै सबैमा पोखूँ सुन्दर भावना !

यसै त राम्रो शरद मास आकाश निर्मल
त्यसैमा पनि नौलाख तारा झिल्मिल झिल्मिल
त्यै तारा जस्तै नींदमा देखूँ सुन्दर सपना !

## देशमाथि

परेवाका एक जोडी घरको धुरीमाथि
माया प्रीति यस्तै रहोस् मेरो देशमाथि

एक चिम्टी माटो लिई निधारमा लाऊँ
यै देशको वयानमा यौटा गीत गाऊँ
तिहारमा फूलको तोरण सातै नदीमाथि
सुखशान्ति यस्तै रहोस् मेरो देशमाथि

चारैतिर हरियाली निर्मल आकाशमनि
झुत्ती खेल्छन् बयेलीमा ज्योति छाया पनि
यै देशमा बिच्छ्याइदिऊँ धर्तीजत्रो छाती
श्रद्धा भक्ति यस्तै रहोस् मेरो देशमाथि

# धर्तीको महिमा

धरती ! तिम्रो महिमा ठूलो
शिरोपर गर्छु यहीँको धूलो

ग्रह र तारा चहारे पनि
पन्छी झैँ पङ्ख पसारे पनि
आखिर खोज्ने माटीको स्पर्श
जिउँदै आउने धर्तीको स्वर्ग

हिलामा पनि कमल भै फुल्छ्यौ
सुगन्ध बनी श्वासमा डुल्छ्यौ
दु:ख र पीर आफैमा पचाई
सुखमा राख्छ्यौ काखमा बसाई

## सुन्दर सृष्टि-सुन्दर दृष्टि

ममतामयी हे धरती माता !
माटीभरि छन् कुसुमित गाथा
सधैं सुन्दरी सुनकेस्रा झैँ
सधैं बैंसालु मिर्मिरे उषा झैँ

कविमा दिन्छयौ नवनव दृष्टि
सुन्दरमा झन् सुन्दर सृष्टि
सधैं उर्वशी धर्तीमा ओर्लिए झैँ
सधैं दिव्य शिलामा सिर्जिए झैँ

# प्रेम र रहस्य

# द्यौराली

द्यौरालीका वरपिपल तिरिमिरी छाया
कहाँ लगी बिसाइदिऊँ मनभरी माया

उनको बाटो कुरिर'न्छु द्यौरालीमा बसी
सोझै हेर्न सक्तिन म मुख देखेपछि

चौरालीको भूमेचौता चढाऊँ फूलपाती
बात मारूँ आउँदैन गीत गाउनु जाति

पैलो फाँकी धर्तीलाई केलाई दोस्रो फाँकी
भाका फिराई गाए पनि मनकै कुरो बाँकी

# मायाको दोबाटो

दोबाटोमा मायासित भेट कैल्ये होला
मैंलाई नै बोलाए झैँ सुसाइरै'छ खोला

कति राम्रो बादल हेर, पहाडमाथि उठ्यो
सुस्तै शिर उठाइ मैंलाई खोजिरै'छ कि त्यो
कल्पनामा उडी कैल्ये छुन पुगूँ जस्तो
लुकामारी खेली कैल्ये कतै लुकूँजस्तो

मिरमिरे बिहानीमा उठ्न जसै खोज्छु
मुस्कुराई आँखाअघि उभिएको देख्छु
मूर्ति हो कि ज्योति हो त्यो सोच्न अति गाह्रो
जीवनमा मायाबिना बाँच्न कति गाह्रो

## दिव्य मुहार

एकै बार भेट्न पाए मन बुझ्थ्यो भनि
जता जाऊँ जाऊँ लाग्यो, त्यतै लागेँ अनि

हिडिरहेँ सुनिसुनी आफ्नै पदध्वनि
अन्धकारमा बिलाइगयो आफ्नै छाया पनि
शान्त शान्त सबैतिर शुनशान सब
निदाएको जस्तो लाग्यो धर्ती आकाश अब

मिलनको चौतारीमा वरपिपल मनि
रातभरि पर्खिरै'छु भेटिन्छ कि भनि
आज किन उदाउँदैन यौटा तारा पनि
सधैँभरि उदाउँथ्यो कहा छौ हे, भनी

कुर्दा कुर्दै रात पनि चौथो प्रहर भयो
जून पनि अस्ताएर ओझेल पर्दै गयो
बिनुशिंगार दिव्य मुहार देखेँ उसको अनि
त्यसै बेला बिर्सें मैले कल्लाई कुरेँ भनी

## प्रशंसा

मेरो प्रशंसामा गीत लेख्ने तिमी को हो
जूनभन्दा पनि राम्री मलाइ देख्ने ओहो
मेरो मान्छे तिमीलाई देख्न पाए कस्तो हुन्थ्यो
काँडै काँडाबीच एक फूलजस्तो हुन्थ्यो

मभित्रका कलाहरू राम्रा देख्ने तिमी
मबिना नै मलाई पाउने सर्त राख्ने तिमी
मेरो मान्छे तिमीलाई देख्न पाए कस्तो हुन्थ्यो
औँसीमा नै पनि जून पाए जस्तो हुन्थ्यो

मबिनाको जिन्दगानी शून्य मान्ने तिमी
मेरो सच्चा प्यारलाई पुण्य मान्ने तिमी
मेरो मान्छे तिमीलाई देख्न पाए कस्तो हुन्थ्यो
मानिसको हूलमा चौता पाए जस्तो हुन्थ्यो

# के बनेर पसूँ

जुन्किरी भै पसूँ कि म जून बनी पसूँ
मुहार हेरी बसूँ कि म दिलमा पनि पसूँ

कति मीठो निंदरीमा निदाएकी तिमी
मनको ज्योति मुहारमा उदाएकी तिमी
रातभरी छक्कै परी हेरी हेरी बसूँ
मुहार हेरी बसूँ कि म दिलमा पनि पसूँ

पैल्ये राम्री लजाएर मुस्कुराउँदा तिमी
अैल्ये राम्री आनन्दले निदाउँदा तिमी
तिमीभित्र थाहै नपाई सप्ना बनी बसूँ
मुहार हेरी बसूँ कि म दिलमा पनि पसूँ

# उनीलाई देखेदेखि

उनीलाई देखेदेखि गीत गाउन थालें
थाहै नपाई फूल टिपी शिरमा लाउन थालें

आलस्यले हैन, त्यसै आँग भाचूँ जस्तो
गोडा त्यसै उचालिन्छन् नाचूँ नाचूँजस्तो
थाहै नपाई उनीतिर आफैँ आउन थालें
उनीलाई देखेदेखि गीत गाउन थालें

चौतारीमा तिरीमिरी वरपीपल छाया
उनीनेर बिसाइदिऊँ कसरी यो माया
थाहै नपाई उनको बाटो चियाउन थालें
उनीलाई देखेदेखि गीत गाउन थालें

# हिजै भेटे जस्तो

गोरेटामा नौला पाइला हिजै टेके जस्तो
कैयौं बर्ष बिते पनि हिजै भेटे जस्तो

सधैँ शीतल, सधैँ निर्मल तिम्रो दिलभित्र
खोलासरि मिलिरहेँ गङ्गाजलभित्र
जति सँगै हिँडे पनि हिँड्न बाँकीजस्तो
शयौं बर्ष बिते पनि हिजै भेटेजस्तो

शयबार जन्मिरहू पूर्ण नारी बनी
दिव्य ज्योति उदाइरहू उषासरी बनी
जति माया पाए पनि पाउन बाँकी जस्तो
कैयौं बर्ष बिते पनि हिजै भेटेजस्तो

## माया त्यसै बस्यो

मेची काली डुले पनि तिमीजस्ती पाइन
माया त्यसै बस्यो सखी ! लाऊँ भनी लाइन

फर्की फर्की तीर छुने गण्डकीको हल्को
चाँदनीलाई देखे पनि लाग्छ तिम्रै झल्को
कति कति दिन बिते पत्तो मैले पाइन
माया त्यसै बस्यो सखी ! लाऊँ भनी लाइन

तिम्रो मुहार देखेपछि खुशी भएँ यति
झरीपछि चुली खुली मुस्कुराए जति
कति कति बिते ऋतु पत्तो मैले पाइन
माया त्यसै बस्यो सखी ! लाऊँ भनी लाइन

तिमी मेरो नजरमा, हृदयमा तिमी
वनफूल पहरामा लहरा झैँ तिमी
कति कति वर्ष बिते, पत्तो मैले पाइन
माया त्यसै बस्यो सखी ! लाऊँ भनी लाइन

## जे पर्ला पर्ला !

नजर घुमाई हेरिरै'छ्यौ कल्लाई खोज्नलाई हो
यो रमाइलो मेलामा कल्लाई रोज्नलाई हो
मलाई रोजिद्यौ मैंलाई रोजिद्यौ
जे पर्ला पर्ला मैंलाई रोजिद्यौ

मीठो भाका गण्डकीको, मीठो मोदी खोलाको
एकै चोटि बोलाइरै'छन् कल्ले कल्लाई होला हो
भाका मिसाइद्यौ भाका मिसाइद्यौ
जे पर्ला पर्ला भाका मिसाइद्यौ

आकाशमा एक तारा खुर्पे जूनको साथमा
हेर, कति सुहाएको वैशाखको रातमा
सँगै बसिद्यौ सँगै बसिद्यौ
जे पर्ला पर्ला सँगै बसिद्यौ

लालुपाते जोवनको लाग्यो कस्तो मोहनी
यै रूप लुकाऊँ नजरमा परेलीको ढकनी
दिलै मिसाइद्यौ दिलै मिसाइद्यौ
जे पर्ला पर्ला दिलै मिसाइद्यौ

## माला

एकान्तमा एक्लै बसी माला गाँसिरहें
सप्ना हो कि, कल्पना हो कतै उँडिरहें

उँड्दा उँड्दै पुगिगएँ सुनै सुनको दर्बार
मैंलाइ पर्खिरहेजस्तै देखें राजकुमार
उभ्भे उनी मुस्कुराउँदै दुलहाको भेशमा
आफू रहें लजाउँदै दुलहीको भेशमा

निहुरिए राजकुमार आफै माला थापी
पहिराउन सकिन त्यो किन्तु हात काँपी
झस्की हेर्दा, वरमाला हातको हातमै थियो
यही माला पहिऱ्याउन कैले पाउँला हो !

## कोसेली

वैशाखको बतासमा मीठो बास्ना आयो
पढ्न गा'को पण्डितले कोसेली पो ल्यायो

बइँसले धपधपी बलेजस्ती ज्योति
हाँसूँ हाँसूँसरि हाँसो अधरमै रोकी
जति हेऱ्यो रूप त्यति हेरूँ हेरूँ लाग्यो
पढ्न गा'को पण्डितले कोसेली पो ल्यायो

नाउडाँडा पारिपट्टि माछापुच्छ्रे चुली
हेरीरहूँ जस्तो जोडी उस्ता उस्तै मिली
यै जोडीको कर्खा बाँधी गन्धर्वले गायो
पढ्न गा'को पण्डितले कोसेली पो ल्यायो

## दर्पनको सामु

आफैलाई हेर्दा हेर्दै दर्पनको सामु
कोही आई उभिएभैँ नयनको सामु

पैलो पालि आफैंलाई अर्कै देखे जस्तो
सोह्रबर्से बइँसमा पाइला राखे जस्तो
लाली चुहूँ जस्तो मुहार- दर्पनको सामु
कोही आई उभिएभैँ नयनको सामु

जति पल्ट हेरे पनि कति राम्रो छाया
आफैलाई हेरी हेरी अरूलाई माया
मुस्कुराए जस्तो मुहार-दर्पनको सामु
कोही आई उभिएभैँ नयनको सामु

## हेर्न अझै बाँकी

चोरी चोरी हेरे पनि हेर्न अझै बाँकी
एक पर्दा खुले पनि अर्को खुल्न बाँकी

उल्ले पनि चोरी चोरी चियाइरहे जस्तो
चाँदनीले मुस्कुराई गिज्याइरहे जस्तो
जति झलक मिले पनि मिल्न अझै बाँकी
एक पर्दा खुले पनि अर्को खुल्न बाँकी

चोरी चोरी हेर्दाखेरि आँखा चार भयो
चमत्कार भयो कि त्यो चोखो प्यार भयो
आँखा चार बोले पनि मुख बोल्न बाँकी
एक पर्दा खुले पनि अर्को खुल्न बाँकी

## गोरेटो

कति राम्रो आकाश हेर, कति राम्री धर्ती
परेवाको जोडी जस्तो हाम्रो माया पीर्ति

यो बाटोमा संगी साथी हिड्यौं कति बाजी
यति राम्री लागिरै'छौ तिमी किन आजि

सुनजस्ता शयपत्री फूल चुनी चुनी
बिच्छ्याइदिऊँ कि बाटाभरि तिम्रै पाउमुनि

चौतारीमा कति शीतल वरपीपल छाया
थकाइ लागे बिसाइ मार्न बसौं भेटी माया !

## जिन्दगी यो रमाइलो कथा

जिन्दगी यो व्यथा हैन, हो रमाइलो कथा
तिमीसित साट्न खोज्छु आफूलाई म ता

आजभोलि तिमी हिँड्छ्यौ पाइला चाली यस्तो
पुतलीले फूलबारीमा डुल्न थाले जस्तो
तिमी बन घुम्ने ताल, सम बन्छु म ता
जिन्दगी यो व्यथा हैन, हो रमाइलो कथा

बात मार्न खोज्दा तिमी गीत गाउँछ्यौ यस्तो
हल्को हाल्दै काली गङ्गा सुसाउँछ जस्तो
तिमी बन तेर्छो भाका, ठाडो भाका म ता
जिन्दगी यो व्यथा हैन, हो रमाइलो कथा

## तिमीलाई भनेर

हृदयदेखि फुरेका
    मधुर भाव तिमीलाई भनेर
मायाको मीठो सम्झना
    चुरा र धागो ल्याएको छानेर

गाइरै'छु भाका हालेर
    प्रीतिका गीत तिमीलाई भनेर
मायाको मीठो सम्झना
    फरिया चोलो ल्याएको छानेर

मनको एक कुनामा
    पूजाको वेदी तिमीलाई भनेर
मायाको मीठो सम्झना
    सिँदुर पोते ल्याएको छानेर

## सम्झी सम्झी बसिरैं'छु

प्रतीक्षामा बिताइरैं'छु कति दिन रात
सम्झी सम्झी बसिरैं'छु पीरतिका बात

परेलीले रोक्ता रोक्तै कति झरे मोती
कैल्ये बल्ला उज्यालो भै यो मनको ज्योति
पच्छ्याउँछु छाया बनी पाउन तिम्रै साथ
सम्झी सम्झी बसिरैं'छु पीरतिका बात

पोल्टाभरि छरिएका नयनका थोपा
वरिपरि घुमिरैं'छन् सम्झनाका शोभा
नपरोस् है दुःखपीर सन्चै रहोस् साथ
सम्झी सम्झी बसिरैं'छु पीरतिका बात

## आँसु बहिरहे

आँखाभरि नअटाई आँसु बहिरहे
तिमी गयौ गाउँ छोडी याद रहिरहे

विरहकी छाया जस्तै एक्लै बसिरहें
अरूसित कुरा गर्दा खल्लो हाँसिरहें

फर्किआउँछौ भन्ने आशमा बाटो हेरिरहें
मिलनको सपनीमा रङ्ग भरिरहें

माया मारी मारिँदैन, माया बाँचिरहें
कैल्यै नवैलिने फूलको माला गाँसिरहें

## कहाँ बसी कुरूँ म

आउँदै छन् उनी विदेशबाट
कहाँ बसी कुरूँ म
उघारी घुम्टो मुहारबाट
कसो गरी कुरूँ म

के भनी निस्कूँ दुवारबाट
शरमले मरूँ म
झुल्कन्छन् कैल्ये दोबाटोबाट
कति बेर कुरूँ म

देखे झैँ लाग्यो हियारबाट
दुई पाइला सरूँ म
बिछोडको कथा आँखियाबाट
बर्बरी झरूँ म

## कति राम्रो वनफूल

अघि अघि लाग्नुभन्दा पछि लाग्नु जाती
कति राम्रो वनफूल पालुवाले ढाकी

गोरेटोमा गीत गाऊँ त कोकलेले सुन्छ
रूखरूखै खल्बलाई गोठालालाई भन्छ
चुपचाप हिँड्नुभन्दा बात मार्नु जाती
कति राम्रो वनफूल पालुवाले ढाकी

चौतारीमा बिसाइ मारी चिसो हावा खाँदा
पुगेजस्तो लाग्यो मलाइ स्वर्ग हो कि काँ काँ
छिरबिरे छाहरीले मायालाई ढाकी
कति राम्रो वनफूल पालुवाले ढाकी

## गीतको भाका

गाइदेऊ गाइदेऊ गीत गाइद्यौ
त्यै गीतको भाकामा यता आइद्यौ

तिम्रा गीतको भाकामा बतास बगिरै'छ
डाँडावारि डाँडापारि मलाई बगाइरै'छ

तिम्रो गीतको भाकामा छहरा लोलाइरै'छ
फेरि फेरि फर्किएर मलाइ बोलाइरै'छ

तिम्रो गीतको भाकामा हिमाल हाँसिरै'छ
यौटा मूर्ति मलाइ सुनी मैंमा बसिरै'छ

## रूप पोखिएर होला

बगिर'ने खोला किन टक्क अड्यो होला
पानीमुनि तिम्रो रूप पोखिएर होला

जून ह्वौ कि किन्नरी ह्वौ यो खोलामा बग्ने
लहर लहर लहरिँदै दिल छुन पुग्ने
किनारमा शालीग्राम भेट्टाइंने वेला
पानीमुनि तिम्रो रूप पोखिएर होला

कैल्ये आउँछ्यौ सातरङ्गे इन्द्रेनी भैँ बनी
नीलो वर्षा शुरू हुँदा पर्वतको मनि
त्यसै त्यसै विरहभैँ लागिर'ने वेला !
पानीमुनि तिम्रो रूप पोखिएर होला

## रिसाउँदा'नि ए हजुर !

रिसाउनेलाई के भनेर हँसाउन सक्छु
भयो भयो मेरै गल्ती थियो भन्न सक्छु

खुशी हुन्छिन् जमुना र खुशी हुन्छिन् गङ्गा
बोलिदिए हाँसिदिए मनै हुन्छ चङ्गा
रिसाउँदा'नि ए हजुर ! हाँसेजस्तो देख्छु
भयो भयो मेरै गल्ती थियो भन्न सक्छु

नरमाइलो लागिर'न्छ रोइरन्छ मन
कसो गरी के भनेर सम्झाऊँ यही मन
रिसाउँदा'नि ए हजुर ! बढी माया देख्छु
भयो भयो मेरै गल्ती थियो भन्न सक्छु

## एक गजल

हाँसिर'ने फूललाइ सोधूँ-हाँस्ने कसो गरी
माया लाग्छ किन्तु माया गाँस्ने कसो गरी

यो मेलामा खोजिरै'छु घुम्दै वरिपरि
भेटिएन लाउने माया खोज्ने कसो गरी

खोलाजस्तै बग्छ माया जति लाए पनि
भेटिए'नि भन, माया साँच्ने कसो गरी

आजभोलि किन किन यो मन खाली खाली
यो बैंसमा बिनुमाया बाँच्ने कसो गरी

## प्रसन्न छौ

प्रसन्न छौ सधैँभरि प्रिया अहे, कस्ती
हिर्दयमा पीरतिको गङ्गा बहे जस्ती

मृदुभाषी तिमी बोल्छ्यौ कति मीठोसित
तिम्रै कोमल कण्ठबाट कोइली बोल्छ कि त
नबोले'नि नजरले बोलीरहेजस्ती
प्रसन्न छौ सधैँभरि प्रिया अहे, कस्ती

मृदुहाँसी मुस्कुराउँछ्यौ कति मीठोसित
मिर्मिरेमा ज्योतिर्मय फूल खिल्छ कि त
नहाँसे'नि जुनेली रात हाँसिरहे जस्ती
प्रसन्न छौ सधैँभरि प्रिया अहे, कस्ती

## तीज

भाइ त्यो भोला कस्तो भो होला
कहिले लिन मलाई आउला
शयपत्री फूल फुल्यो बरिलै !

भदौरे घाममा बाबाको ठाममा
आयौँ है हामी तीजको नाममा
मखमली फूल फुल्यो बरिलै !

आमाले माया आँसुमा पोखी
हर्षले रोइन् हामीलाइ देखी
गुरदौली फूल फुल्यो बरिलै !

दिदी र बहिनी भेट भयौँ आज
रमाइलो भयो तीजको साँझ
सर्वदा फूल फुल्यो बरिलै !

## गाइदेऊ गोठालिनी !

गाइदेऊ गोठालिनी ! गीत गाइद्यौ
यो गीतको भाकासितै यता आइद्यौ

पारिपाखा पहरामा छहरा लोलाइरै'छ
कैल्ये यता कैल्ये उता कल्ले बोलाइरै'छ

यो गीतको भाकाभित्र संसार पसिरै'छ
नदेखेको मूर्ति मेरो मनमा बसिरै'छ

तिम्रो मूर्ति थाह छैन, लेखिदिन्छु गीत
पहरामा लामादाइले लेख्ने अक्षरसित

## यी आँखाले के भन्दै छन्

यी आँखामा चियाएर आफैँलाई खोज
यी आँखाले के भन्दै छन् आफैँलाई सोध

पियारमा शङ्का गरे पाइँदैन पियार
दर्पनमा बादल परे देखिँदैन मुहार

देखियो कि नजरमा हिर्दयको झलक
लाजवन्ती निहुरिन्छिन् झुकाएर पलक

नजरको मृदु मुस्कान अधरमा खिल्यो
पीरतिको उत्तरमा पीरति नै मिल्यो

## आँखा जवानीका

जति हेऱ्यो हेरिरहूँझैँ रमाइला आँखा
लोलिरै'छन् बोलिरै'छन् हृदयको भाषा

पलपल बदलिने नयनको चित्र
जति डुब्यो डुब्न बाँकी हिर्दयको भित्र

झिमी झिमी परेलीमा पऱ्यो इन्द्रधनु
रूप हो कि हृदयको रचना हो भनूँ

चन्द्र सूर्य उदाए'नि लाग्छ फिका फिका
देख्न पाइन भने कतै आँखा जवानीका

## कोही आउँदै छ

झलमल भयो मन चन्द्र ओर्लेसरी
कोखमा कोही आइरै'छ सुनाऊँ कसो गरी

आजभोलि फूल हेर्दा दिलै सल्बल सल्बल
सानु शिशु हाँसेसरी जूनै झल्मल झल्मल
भित्री ज्योति आँखा खोल्छ बाहिर हेरूँसरि
कोखमा कोही आइरै'छ सुनाऊँ कसो गरी

बालगोपाल गोपिनी झैँ छोरा छोरी सारा
नजरका तारा मेरा हिर्दयका प्यारा
जीवनबाट ताजा बनी जीवन निस्केसरी
कोखमा कोही आइरै'छ सुनाऊँ कसो गरी

धरतीमा ज्योति बनी अम्बरबाट आऊ
जिन्दगीमा सधैँभरि उत्सव बनी आऊ
आर्शीवाद तिमीलाई पुष्पवर्षासरि
कोखमा कोही आइरै'छ सुनाऊँ कसो गरी

## साना मेरा लालाबाला

साना मेरा लालाबाला क्या उज्ज्वल आँखा
देवताको घरबाट आएजस्तै चोखा

भोक छैन, तिर्खा छैन खेल्न पाए पुग्छ
टार्नु छैन, पाल्नु छैन भनिदिए पुग्छ
फूल जस्तो अनुहार शीत जस्तै आँखा !
देवताको घरबाट आएजस्तै चोखा

उज्यालो भो घर आँगन बाललीला नाच्ता
घामजून झुल्किएझैँ मक्ख परी हाँस्ता
बेल्की पख थकानले लोलाएका आँखा !
देवताको घरबाट आएजस्तै चोखा

नजाम् नजाम् जस्तो गरी जान्छौं पाठशाला
हावाजस्तै फर्की आउँछौं भोकले राता गाला
दिनभरीका सारा कार्य बताउँछन् आँखा !
देवताको घरबाट आएजस्तै चोखा

कस्तो हुन्थ्यो बालकाल यस्तै रहिरहे
बालबोली अमृत झैँ यस्तै बहिरहे
हेरिर'न्छु कोपिला झैँ निदाएका आँखा !
देवताको घरबाट आएजस्तै चोखा

## भाइको सम्झना

कति हिउँद कति वर्षा बितिसके भाइ !
भाइटीकाको दिन आज, कहाँ छौ हे भाइ !
दिदी परदेशी बस्छु सम्झी तिमीलाई

आज त्यहाँ तिम्रो निधार खाली छैन होला
रङ्गी चङ्गी टीका कति सुहाएको होला
कल्पनाले यौटा टिका थप्छु त्यहाँ भाइ !
दिदी परदेशी बस्छु सम्झी तिमीलाई

कपाल कोरी ढाका टोपी तिम्रो शिरमाथि
सयपत्री फूलको माला लर्किएको छाती
मेरो आँखा– अघिल्तिर आइरै'छौ भाइ !
दिदी परदेशी बस्छु सम्झी तिमीलाई

भाइ ! तिम्रो रक्षा होओस् कामना यै लिन्छु
आशीष् सदा उन्नतिको तिमीलाई दिन्छु
फेरि चाँडै भेट्न पाऔँ हामी दिदी भाइ !
दिदी परदेशी बस्छु सम्झी तिमीलाई

## चोखो प्रीति

हाम्रो  बाटो यौटा होइन, दुइटा हुन गयो
बाला प्रीति फुल्न नपाई कोपिलामा रह्‌यो

बोलिएन कैल्यै पनि बोलूँ बोलूँ खालि
भेटिएन कैल्यै पनि कुरिरहैं खालि
भोला थियो अनुहार, दिल निश्छल थियो
बाला प्रीति फुल्न नपाई कोपिलामा रह्‌यो

बिहानीमा  देख्थैं कैल्यै मध्याह्नीमा पनि
साँझमा पनि  देख्थैं कैल्ये सपनीमा पनि
गीत जस्तै  चोखो प्रीति सँधैं चोखै रह्‌यो
बाला प्रीति फुल्न नपाई कोपिलामा रह्‌यो

## ब्यूँझी हेर्दा

आज राति मन्दिरमा दिव्य मूर्ति देखेँ
ब्यूँझी हेर्दा आँखाअघि ज्यूँदो ज्योति देखेँ

आज राति पूर्णिमाको जून मुस्कुरायो
मैँलाई हेरी दिव्य मुहार कुन मुस्कुरायो
हेर्दा हेर्दै जूनबाट तिमी निस्कि आयौ
आँखाभरि मुखभरि तिमी मुस्कुरायौ

आज राति उड्दा उड्दै धर्तीपारि पुगेँ
कैल्यै पनि नवैलिने फूलको गन्ध सुघेँ
त्यही फूल टिपूँभन्दा तिमीलाई छुन्छु
सधैँभरि हरियाली यै धर्तीमा हुन्छु

## परिवर्तन

बादल फाटी उघ्रियो सूर्य-त्यै पाए पाएझैँ
फुलेको देख्ता प्रियको मुहार-क्यै पाए पाएझैँ

जे भए पनि मौन भै बस्ने उनको बानी यो
आखिर आफैँ सङ्लेर आउने पानी त पानी हो
मधुर बोली सुनियो फेरि-त्यै पाए पाएझैँ
खिलेको देख्ता प्रियको मुहार-क्यै पाए पाएझैँ

आत्मामा दया, मुटुमा माया सदैव सल्बल
कुभलो कैल्यै नसोच्ने दिल नौनी झैँ कोमल
यै जुनी आज झन् नौलो बनी-त्यै पाए पाएझैँ
खिलेको देख्ता प्रियको मुहार-क्यै पाए पाएझैँ

# तिम्रो मेरो नाम

तिम्रो मेरो नाम खोपिएको त्यो वर
बुढो भई ढलेछ कहाँ होलान् अक्षर !

लेक जाने बाटोमा उभिएको पत्थर
ओम्मणि पद्मेफैं लिपि कति सुन्दर
तिम्रो मेरो नाम कुँदिएको शिला त्यो
पहिरोले बगाई कहाँ पुग्यो होला त्यो !

तिम्रो नाम प्रेम, मेरो नाम पीरती
नीलो नीलो आकाश, हराभरा धरती
तिम्रो मेरो नामको नरहे'नि अक्षर
आकाश र धरती रहिरहून् अमर

## तेवार्नी

रातो पिरो अनुहार उमेर ढल्के पनि
हाम्रो घरमा बस्न आइन् सुसारे भै तिनी

वन पाखामा घाँस काटी रमाउँथिन् तिनी
तिनलाई देखी रमाउँथिन् गोठकी गाई पनि
घरको रक्षा होओस् भनि सुत्थिन् पिँढीतिर
अन्धकार रातमा पनि नमानेर डर

लिपपोत गर्थिन् तिनी सम्झी आफ्नै घर
झल्के पनि पहिलो गुँड कहिले बिर्सिन्छ र !
निश्छल मन, कैल्येकाहीँ लाग्थ्यो त्यसै झर्को
शान्त हुन्थिन् तानेपछि बिँढी एक सर्को

चिनी पाए भात खान्थिन् नत्र ढिढो मिठो
धोती दिए टुक्रा पारी गुन्यू लाउँथिन् छिटो
बिँढी किन्न चार पैसा पालीभित्रै राखी
पशुपति-दर्शन उनको धोको बाँकी राखी

## साँझको बत्ती देख्तिन

तुलसी-मठमा साँझको बत्ती बलेको देख्तिन
बत्तीको अघि उज्यालो मुहार चलेको देख्तिन

सदाझैँ पिँढी लिप र पोत गरेको रै'नछ
आउँछन् कोही भनेर काम्लो बिच्छेको रै'नछ
पहिले जस्तो घरको कान्ति खुलेको देख्तिन
तुलसी-मठमा साँझको बत्ती बलेको देख्तिन

गोठका डिँगा कराइरै'छन् गोठमा नपसी
परेवा जोडी झोक्राइरै'छन् गुँडमा नबसी
बन्दै छ आज घरको दुवार खुलेको देख्तिन
तुलसी-मठमा साँझको बत्ती बलेको देख्तिन

म आएँ भनी हतारसाथ दुवार खोल्दछु
हे मेरी प्रिया ! कहाँ छौ भनी प्यारले बोल्दछु
हे नारायन ! घरकी लक्ष्मी बोलेको देख्तिन
तुलसी-मठमा साँझको बत्ती बलेको देख्तिन

# छोडी गए धर्तीलाई

आज किन रोइरै'छ फूल गोदावरी
फूल हेरी रम्ने उनी छैनन् वरिपरि
अस्सी बर्ष यो गाउँमा फूल फुल्न पाए
छोडी गए धर्तीलाइ जहाँबाट आए

आज किन रोइरै'छ मेरो सानो गाउँ
गाउँ हेरी रम्ने उनी खोजी कहाँ पाऊँ
अस्सी बर्ष यो गाउँमा गुनै गुन लाए
छोडी गए धर्तीलाइ जहाँबाट आए

आज किन रोइरै'छ आकाश कालो बनी
आकाश हेरी रम्ने उनी गए कहाँ भनि
अस्सी बर्ष यो गाउँमा सूर्य बनी छाए
छोडी गए धर्तीलाइ जहाँबाट आए

आज किन रोइरै'छ मनै मेरो पनि
मनै छोई रम्ने उनी छैनन् अब भनि
अस्सी बर्ष यो गाउँमा आदर्श भै छाए
छोडी गए धर्तीलाइ जहाँबाट आए

# दिदीको दु:ख

धैर्यकी मूर्ति दिदीको शिरमा पहाड टुटिगो
जिन्दगीभरको सहारा ओहो पलमै छुटिगो

ईश्वरै दिन्छन् ईश्वरै हर्छन् आखिर जीवन
यस्तै हो भनि बुझाए पनि बुझ्दैन यो मन
छुटायौ आधै बाटोमा किन जीवनसाथी त्यो
जिन्दगीभरको सहारा ओहो पलमै छुटिगो

कहिल्यै पनि बोल्दिनौ झूटो, सोच्दिनौ कुभलो
मुहार तिम्रो हँसिलो सधैं, हृदय कलिलो
हँसिली मेरी दिदीको हाँसो आँसुमा साटियो
जिन्दगीभरको सहारा ओहो पलमै छुटिगो

छन् आफ्ना भन्ने धरतीभरि-यै संझी बाँच्नुछ
आँखाको गाजल आँसुमा फेटी तस्वीर रच्नुछ
बिसाई चोला अमर आत्मा तिमीमा मिलिगो
जिन्दगीभरको सहारा ओहो पलमै छुटिगो

## म देख्न सक्तिन

सबैले देख्छन् सुन्दर बिहान म देख्न सक्तिन
विरह हो कि सृष्टिको भूल ! म भन्न सक्तिन

हिमाल के हो, तराई के हो सम्मै छ मलाई
के पायौ ईश्वर ! हिर्दय मेरो यसरी जलाई
सबैले हेर्छन् नदी र नाला म देख्न सक्तिन
विरह हो कि सृष्टिको भूल ! म भन्न सक्तिन

आकाश धर्ती रात र दिन अँध्यारै अँध्यारो
ममतामयी आमाको मलाई आधारै पियारो
सबैले हेर्छन् डाँफे र मुनाल म देख्न सक्तिन
विरह हो कि सृष्टिको भूल ! म भन्न सक्तिन

## माया सिद्धिन्न

नानी ! नरोऊ मेरो माया भाइले पायो भनी
माया भन्ने सिद्धिँदैन जति दिए पनि

माया दिएँ बुवालाई दिन अझै बाँकी
माया दिएँ तिमीलाई यै पोल्टामा साँची
सकिएको छैन हेर, जति दिए पनि
माया भन्ने सिद्धिँदैन जति दिए पनि

खोस्न माया सकिँदैन सकिन्छ है लिन
माया जति दिए पनि सकिन्छ है दिन
बुझ छोरी ! माया भन्ने अचम्म हो भनी
माया भन्ने सिद्धिँदैन जति दिए पनि

## अजम्मरी फूल

मुहारभरि बइँसको लाली भुलभुल
फुलिरै'छ्यौ खिलिरै'छ्यौ अजम्मरी फूल

मैला हातले छोऊँ भने झरिजाने हो कि
नछोऊँ त बइँस त्यसै खेर जाने हो कि
छूँ कि नछूँ मौरीसरि मनै तुलबुल
फुलिरै'छ्यौ खिलिरै'छ्यौ अजम्मरी फूल

हिउँदकी पहार तिमी, शरदकी जून
धरतीमा लहराउने अप्सरा हौ कुन
ज्योतिर्मय तन तिम्रो अमृतको दिल
फुलिरै'छ्यौ खिलिरै'छ्यौ अजम्मरी फूल

# देखे भैँ लागिरहेछ

कैल्ये हो कुन्नि तिमीलाई लाग्दछ देखे देखेभैँ
मुहार पर्दाविना नै पर्दाले छेके छेकेभैँ
सम्भिन्न किन क्यै पनि
सम्भिन खोज्छु तैपनि – के के हो, के केभैँ

कहाँ हो कुन्नि तिमीलाई लाग्दछ देखे देखेभैँ
त्यो ठामलाई यो ठामले छेके छेकेभैँ
सम्भिन्न किन क्यै पनि
सम्भिन खोज्छु तैपनि – के के हो, के केभैँ

कसरी कुन्नि तिमीलाई कलेजीभित्र लेखेभैँ
त्यो घामलाई यो घामले छेके छेकेभैँ
सम्भिन्न किन क्यै पनि
सम्भिन खोज्छु तैपनि के के हो, के केभैँ

## शास्वत प्रेम

जुनेली रात जूनलाई हेरी गाउँकी सुन्दरी
नसकी सुत्न कौशीमा आई गाउँछिन् सुस्तरी

गीतमा आई मुरली धुन मिसिए जस्तै भो
कहीँबाट कुनै लहरले पनि पछ्याए जस्तै भो
सुगन्धी फूलका बासना मीठा छरिए बेसरी
सागरमा जून पोखिईकन टलपल सुस्तरी

कहाँबाट आयो मधुर स्वर बुझ्न नै गाह्रो भो
हिँडूँ कि, यहीँ बसेर कुरूँ सुझ्नलाई गाह्रो भो
सागरमा पनि लहर उठी हिँड्दै छ सुस्तरी
दोधारमा पनि युवक पनि हिँड्दै छ सुस्तरी

# मन

यो मन कल्लाई हो कल्लाई
थाहै नपाई छोइरहेछ जल्ले
यो मन त्यल्लाई हो त्यल्लाई

भेटेँ भेटेँ लागिरै'छ किन्तु भेटेँ कहाँ
एक बाजि देख्न पाए कस्तो हुन्थ्यो अहा !
लुकी लुकी हेरिरा'छु म पनि त उल्लाई
लुकी लुकी कुरिरा'छ ऊ पनि त मलाई

बादलमा देखे जस्तो, फूलमा देखे जस्तो
जता हेऱ्यो जति हेऱ्यो त्यति देखे जस्तो
कहाँ कहाँ कति कति खोजिरहूँ त्यल्लाई
आफैभित्र सँधै सँधै सोचिरहूँ त्यल्लाई

## उज्ज्वल भविष्य

प्रत्येक प्रातको सूर्य प्रकट रहस्य
आजैदेखि थालेभैँ उज्ज्वल भविष्य

मिर्मिरेमा उघारी नींदको दुवार
पहिलो पालि देखेभैँ सुन्दर मुहार
सुन्दरमा उघारियो आत्माको रहस्य
आजैदेखि थालेभैँ उज्ज्वल भविष्य

निर्मल सलिलमा तनलाई डुबाई
पवित्र भावनामा मनलाई डुबाई
प्रेमको गहिराइमा डुब्दाको रहस्य
आजै भोग्न थाले भैँ उज्ज्वल भविष्य

# माझी

भनिदेऊ माझी ! के छ तिम्रो हाल
पानीसँगै बगिरै'छ जिन्दगीको चाल
जिन्दगीको चालै कस्तो
गण्डकीको छाल जस्तो

पुऱ्याइदियौ कतिलाई पारिपट्टि तारी
छाडिदियौ कतिलाई अलपत्र पारी
जिन्दगीको चालै कस्तो
गण्डकीको छालजस्तो

तर्दा तर्दै रात पऱ्यो नटुङ्गिने गरी
उनी रुन्छिन् पारिपट्टि चखेवी झैँ गरी
जिन्दगीको चालै कस्तो
गण्डकीको छालजस्तो

## अरूपको छाया

यो रूपको नगरीमा अरूपको छाया
काया देख्न नपाए'नि लाग्छ उसकै माया

दिन रात सुसाइरै'छ कति मीठो ध्वनि
नदी नाला धाइरै'छन् कल्लाई भेट्न जानी
शय शय माया अर्पी पाउने यौटै माया
यै रूपको नगरीमा अरूपको छाया

निराकार आकाशमा कति विधि आकार
कल्लाई हेर्न उठिरै'छन्- हेर हतार हतार
आकाशको बादलको धरतीमा छाया
यो रूपको नगरीमा अरूपको छाया

# अमृत पिएजस्तो

माया पाउँदा माया लाउँदा जीवन जिएजस्तो
पानी भनि पानी पिउँदा अमृत पिएजस्तो

बाटा घाटा उज्याला छन् जहाँ टेके पनि
लेक ब्याँसी रमाइला छन् जता देखे पनि
छल कपटबिना ज्यूँदा जीवन जिएजस्तो
पानी भनि पानी पिउँदा अमृत पिएजस्तो

आफू यसै भला भए, जगत् त्यसै भला
जीवनभित्र सिक्दै गएँ जीवन ज्यूँने कला
मनज्ञानी बनी जिउँदा, जीवन जिएजस्तो
पानी भनि पानी पिउँदा अमृत पिएजस्तो

# ईश्वर

ईश्वर सारा सिर्जन पनि
ईश्वर मेरा जीवन पनि

ईश्वर ! तिमी सरूप पनि
मान्छेमा पनि मन्दिरमा पनि
म जहाँ जाऊँ दर्शन पाउँछु
अस्थिर मनमा सान्त्वना पाउँछु

ईश्वर ! तिमी अरूप पनि
छिपेर बस्छौ यै आत्मामनि
शून्यमा पनि तिमीलाई खोज्छु
बिराउँदा बाटो तिमीलाई देख्छु

सम्पत्ति पाउँदा न मात्तिरहूँ
विपत्ति पर्दा न आत्ती सहूँ
मभित्र तिमी ज्योति छौ भनी
नबिर्सूं ईश्वर ! कहिल्यै पनि

# तिर्खाएको यात्री

तिर्खाएको एक यात्री आयो पानी माग्न
किन किन मेरो मन लाग्यो त्यसै भाग्न

सुनकल्छे झारी मेरो हातको हातै रह्यो
किन्तु पानी नपिएरै यात्री फर्की गयो
त्यो आयो कि, चिल्ला नजर नजरैले माग्न
किन किन मेरो मन लाग्यो त्यसै भाग्न

गोधूलिको स्वर्ण रश्मि बर्सिएझैँ देख्छु
छाया हो कि माया हो त्यो फर्किएझैँ देख्छु
अब साँझको बत्ती बाली बस्छु वर माग्न
किन किन मेरो मन लाग्यो त्यसै भाग्न

## मेरो हृदयमा

सदा मेरो हृदयमा रहू भगवान !
म हूँ भन्ने मेरो भन्ने नहोस् अभिमान

चन्द्र सूर्यमनि सारा दृश्य रमाइला
घाम छाया, सुख दुःख सबै तिम्रा लीला
मेरो निम्ति जल थल सबै तीर्थथान
सदा मेरो हृदयमा रहू भगवान !

छातीभरि करुणा त आँखाभरि प्यार
चिने चिने जस्तो गरी हेर्ने अनुहार
सारा नरनारीभित्र तिमी मूर्तिमान
सदा मेरो हृदयमा रहू भगवान !

आँखा मेरा सबैतिर तिम्रै गरून् दर्शन
बोली वचन सबै बनून् तिम्रै गुणकीर्तन
मन मेरो लीन बनोस् गरी तिम्रै ध्यान
सदा मेरो हृदयमा रहू भगवान !



ज्योति पौडेल


| | | |
|---|---|---|
| जन्म | : | काठमाडौं, नेपाल |
| स्थायी ठेगाना | : | कटुवा चौपारी-७, पर्वत, नेपाल |
| हाल | : | न्यूयोर्क, संयुक्त राज्य अमेरिका |
| इमेल | : | jyotipoudel@gmail.com |
| शिक्षा | : | अङ्ग्रेजी साहित्यमा स्नाकोत्तर |
| सेवा | : | शिक्षण |
| अन्य कृतिहरू | : | गीति अलबम "मन त मेरो स्वदेशमै"<br>विभिन्न पत्रपत्रिकामा लेख कविताहरू प्रकाशित |


सुनौला किरण मिर्मिराउने हिमाली टाकुरा
क्यै गरुँ भनी फर्फराउने नेपाली पाखुरा
सुन्दर देशमा बसेर सधैं सुन्दर सोचिद्यौ
शिव र शक्ति दुइटाको मूर्ति एउटै रचिद्यौ

9789994628278